# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश

प.सं.: ०७७/०७८/प्रशासन
च.नं.:

मिति: २०७७/७/१८

विषयः प्रस्ताव आव्हानको सूचना ।

यस नगरपालिकाको चालु आर्थिक वर्ष ०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जग्गाको चक्लाबन्दी गरि कृषि उत्पादन कार्य संचालन गर्नका लागि इच्छुक व्यक्तिहरुको समूह, सहकारी संस्था, कृषि उद्यमी, कृषि व्यवसायी, कृषक समूहहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका कागजातहरु संलग्न गरि नगरपालिकाको कृषि शाखामा प्रस्ताव दर्ता गर्नुहुन अनुरोध गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । प्रस्तावपत्र र निवेदनको ढाँचा नगरपालिकाको वेवसाइट tilottamamun.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ । यस कार्यक्रममा छनौट भएका परियोजनाहरुलाई नगरपालिका कार्यालयबाट जग्गाको भाडा, सिंचाई, विउ/विजन, कृषी औजार तथा उपकरणमा अनुदान उपलब्ध गराइनुका साथै कृषि सम्वन्धी प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

देहायः

- निवेदन ।
- सम्वन्धित वडा कार्यालयको सिफारीस ।
- माग निवेदनको साथमा फर्म वा संस्था हकमा प्रचलित कानुनबमोजिम दर्ता नविकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।
- संस्थाको हकमा कार्यसमितिको वैठकले चक्लाबन्दी कार्यक्रम संचालनका लागि माग गरेको निर्णयको प्रमाणित प्रतिलिपी ।
- चक्लाबन्दी कार्यक्रम संचालन गर्न विभिन्न व्यक्तिहरुको समूहको हकमा कम्तीमा ५ वर्षको कार्यक्रम संचालनको प्रतिवद्धतापत्र, संयुक्त रुपमा कार्य गर्ने लिखित निर्णय र आवेदकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
- कार्यक्रम संचालनका लागि न्यूनतम १० विगाहा जग्गाको क्षेत्रफल सहितको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।
- जग्गा भाडामा लिनुपर्ने भएमा कम्तिमा ५ वर्षको भाडा सम्झौता ।
- जग्गाधनी लालपुर्जा नभएको अवस्थामा सम्बन्धित व्यक्तिले भोगचलन गर्दै आएको सम्बन्धित वडा कार्यालयबाट प्रमाणित आधिकारिक प्रमाणपत्रको प्रतिलिपी ।
- चक्लाबन्दी कार्यक्रम संचालन गर्ने जग्गाको कित्ता खुलेको नक्शा र जग्गाको फोटो ।

०७७/०७/१८

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत